# सूचना अधिकारी तोकिएको तथा सूचना अद्यावधिक
# तथा प्रकाशन गरिएको सम्वन्धी हिमालयन बैंक लिमिटेडको सूचना

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) वमोजिम यस बैंकसँग सम्वन्धित देहायका सूचना सुचीकृत गरी प्रकाशन गरिएको छ ।**

क) **निकायको स्वरुप र प्रकृति :**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम संचालित बैंक ।

ख) **निकायको काम कर्तव्य र अधिकार** :
बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

ग) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
हाल कर्मचारी संख्या १८३१ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद **http://www.himalayanbank.com/executive** मा हेर्न सकिन्छ ।

घ) **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

ङ) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
यस बैंकको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाइट **http://www.himalayanbank.com** मा उपलब्ध छ ।

च) **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकमा सम्पर्क गरी अथवा बैंकको वेबसाईटबाट जुनसुकै वेला पनि प्राप्त गर्न सकिनेछ ।

छ) **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकको कारोवारका सम्वन्धमा विभिन्न प्रकारका निर्णय विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था/ प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि तपसील बमोजिमका अधिकारी तोकिएको छ -

| | |
|---|---|
| गुनासो सुन्ने अधिकारी | : श्री सिसम प्रधानाङ्ग जोशी |
| पद | : सहायक प्रमुख कार्यकारी अधिकृत<br>हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय, का.म.न.पा. २८, कमलादी, काठमाण्डौ,<br>फोन न. ०१-५९७१३४६ |
| इमेल | : grievances@himalayanbank.com |

झ) **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्नसक्ने सम्पुर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भैरहेका छन् ।

ञ) **प्रमुख सूचना अधिकारीको नाम र पद :**
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसील बमोजिमका अधिकारीलाई तोकिएको छ -

| | |
|---|---|
| प्रमुख सूचना अधिकारी | : श्री सुनिल प्रसाद गोर्खाली |
| पद | : सहायक प्रमुख कार्यकारी अधिकृत<br>हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय, का.म.न.पा. २८, कमलादी, काठमाण्डौं,<br>फोन न. ०१-५९७१३४६ |
| इमेल | : **sunil.gorkhali@himalayanbank.com** |

साथै यस बैंकका प्रदेश कार्यालय तथा शाखा कार्यालयहरुमा सम्वन्धित प्रदेश प्रमुख तथा शाखा प्रमुखहरुलाई सूचना अधिकारीका रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

ट) **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने त्यस मध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन :

१. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र  बैंक ऐन २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धीकरण(मनि लाउन्डरिङ्ग)निवारण ऐन, २०६४
७. धितोपत्र सम्वन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. मुलुकी देवानी संहीता ऐन, २०७४
१० विनिमय अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
१२. उपर्युक्त ऐनहरु बमोजिमकमा सम्पूर्ण नियम तथा विनियमहरु
१३. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु

ठ) **बैंकको आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण:**
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धि त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ) साथै त्यस्तो विवरण बैंकको वेब साइट http://www.himalayanbank.com मा समेत उपलब्ध छ ।

ड) **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ

नाम : **श्री अशोक शमशेर ज.ब.रा.**
ठेगाना : हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय, का.म.न.पा.२८, कमलादी, काठमाण्डौं ,फोन न. ०१ ५९७१३४६
इमेल : ashoke.rana@himalayanbank.com

## साथै सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ

**क) अधिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।
**ख) सार्वजनिक निकायको वेब साइट भए सो को विवरण**

**www.himalayanbank.com**

**ग) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेब साइटमा समेत प्रकाशन गरिएको छ साथै बैंकको आर्थिक विवरणहरु त्रैमाशिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्र पत्रिकाका साथै बैंकको वेब साइटमा समेत प्रकाशन गर्ने गरिएको छ ।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि.**
**केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौं ।**
**फोन नं. ०१-५९७१३४६**